वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY

राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १६९ | २०८३ कात्तिक १० गते मंगलबार, नेपाल सम्वत् ११४६ October 27, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

कुहिरोको घुम्टोभित्र दमौली, पर्यटनले फेरिंदै मानुङकोटको मुहार

बिहानको सुनौलो घामसँगै खुल्ने लोभलाग्दा दृश्य, हिमालको मोह र पर्यटकको बढ्दो चहलपहलले मानुङकोटलाई नयाँ पहिचान दिँदै

भञ्ज्याङ समाचारदाता/तनहुँ

बिहानको भिसमिसे उज्यालोसँगै मानुङकोटको डाँडामा पर्यटकको चहलपहल सुरू हुन थालेको छ । तल दमौली बजार कुहिरोको बाक्लो घुम्टोभित्र हराएको छ । माथि क्षितिजबाट घामका सुनौला किरण फैलिन थालेका छन् । टाढा देखिने हिमाल, कुहिरोले ढाकिएका पहाड र मानुङकोट क्षेत्रमा फुलेका रङ्गीचङ्गी फूलले यहाँको वातावरणलाई थप मनमोहक बनाएका छन् । यही प्राकृतिक सौन्दर्यमा रमाउँदै कोही सूर्योदय नियालिरहेका छन्, कोही फूललाई स्पर्श गर्दै तस्बिर खिचिरहेका छन् त कोही मोबाइलमा आकर्षक भिडियो कैद गर्न व्यस्त छन् ।

तनहुँको व्यास नगरपालिका-५ स्थित मानुङकोटमा अहिले बिहानको दृश्य हेर्न पुग्ने पर्यटकको यस्तै रमाइलो देख्न पाइन्छ। कुहिरो र सूर्योदयको मोहक दृश्यसँगै फूलैफूलले सजिएको डाँडाले पर्यटकलाई थप आकर्षित गरेको छ । यहाँ पुग्नेहरु प्रकृतिको सुन्दरता नियालेर मात्र फर्किदैनन्, ती क्षणलाई तस्बिर र भिडियोमा कैद गरेर सम्झनाका रूपमा सँगाल्न पनि उत्तिकै उत्साहित देखिन्छन् ।

भानु नगरपालिका-१३ का सुरज गुरूङ र व्यास नगरपालिका-१ भादगाउँकी मोनिका गुरूङ बिहानै मानुङकोट पुगेर कुहिरो र सूर्योदयको दृश्यमा रमाए। बिहानको चिसो वातावरण, कुहिरोले ढाकिएको दमौली बजार र विस्तारै उज्यालिँदै गएको आकाशले उनीहरूलाई आकर्षित गऱ्यो । प्रकृतिको यही सुन्दरता नजिकबाट नियाल्न पाउँदा उनीहरु दङ्ग देखिन्थे ।

ऋषिङ गाउँपालिका-कोइदिमकी सोफिया सारू मगरको आकर्षण भने कुहिरो र सूर्योदयमा मात्रै सीमित रहेन । मानुङकोट क्षेत्रमा फुलेका रङ्गीचङ्गी फूललाई स्पर्श गर्दै उनले प्राकृतिक वातावरणको आनन्द लिइन् । कुहिरो, उदाउँदो घाम, फूलले सजिएको डाँडा र पृष्ठभूमिमा देखिने हिमाललाई समेटेर आकर्षक तस्बिर तथा भिडियो खिच्ने उनको उत्साहले मानुङकोटको अर्को आकर्षण उजागर गऱ्यो ।



यहाँ पुग्ने धेरै पर्यटकले मोबाइलबाट टिकटक र फेसबुक रिलका लागि भिडियो बनाउने तथा सामाजिक सञ्जालमा साझा गर्न तस्बिर खिच्ने गरेका छन् । कसैले कुहिरोमाथि उदाउँदै गरेको सूर्यलाई पृष्ठभूमिमा राख्छन्, कसैले हिमाल र पहाडी दृश्य समेट्छन् त कसैले रङ्गीचङ्गी फूलसँगै आफ्ना खुसीका क्षण कैद गर्छन्। यसरी मानुङकोटको प्राकृतिक सौन्दर्य व्यक्तिगत सम्झनामा मात्र सीमित नरही सामाजिक सञ्जालमार्फत अरूसम्म पनि पुगिरहेको छ ।

प्रकृतिसँग रमाउने, सुन्दर दृश्यमा तस्बिर खिच्ने र छोटा भिडियो बनाउने नयाँ पर्यटकीय संस्कृतिले मानुङकोटको आकर्षण थप बढाएको छ । यहाँ खिचिएका तस्बिर र भिडियोले अन्य सम्भावित पर्यटकलाई पनि यस ठाउँबारे जान्न र घुम्न आउने प्रेरणा दिन सक्छन् । कुहिरो, सूर्योदय, हिमाल र फूलको एकै ठाउँमा अनुभव गर्न पाइने भएकाले मानुङकोट अहिले घुमघामसँगै दृश्यात्मक सामग्री तयार पार्न चाहनेहरूका लागि पनि आकर्षक गन्तव्य बन्दै गएको छ ।

यही दृश्य हेर्न चिसो मौसम सुरू भएसँगै तनहुँको व्यास नगरपालिका-५ स्थित मानुङकोट पुग्ने पर्यटकको संख्या बढ्न थालेको छ । कोही सूर्योदय हेर्न बिहानै आइपुग्छन्, कोही अघिल्लो दिन नै होटलमा बास बसेर बिहानको प्रतीक्षामा हुन्छन् । मोबाइल र क्यामेरा तेर्स्याउँदै तस्बिर खिच्ने, कुहिरोको दृश्यमा रमाउने र साथीभाइसँग समय बिताउने पर्यटकले डाँडाको वातावरणलाई चहलपहलपूर्ण बनाएका छन् ।

पोखराबाट मानुङकोट पुगेकी गीता पराजुलीका लागि यहाँको बिहान एउटा अविस्मरणीय अनुभव बन्यो । एक रात मानुङकोटमै बिताएर बिहान सूर्योदय र कुहिरोको दृश्य नियाल्दा आफू निकै लोभिएको उनले सुनाइन् । पोखराकै राधिका पराजुली पनि कुहिरोले ढाकिएको दमौली र त्यसबीचबाट देखिने प्राकृतिक दृश्यले मन्त्रमुग्ध भइन् ।

उनीहरूको अनुभवले मानुङकोटको आकर्षण केवल डाँडाबाट देखिने दृश्यमा मात्र सीमित नरहेको देखाउँछ। यहाँको वातावरणमा केही समय बिताउने, रात बस्ने र बिहानको प्राकृतिक रूपान्तरण नजिकबाट अनुभव गर्ने चाहना पनि पर्यटकमा बढ्दै गएको छ ।

कुहिरो हेर्ने रहरले बढायो चहलपहल

मानुङकोटको मुख्य आकर्षण बिहान देखिने कुहिरो र सूर्योदय हो । मौसम खुलेका बेला यहाँबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु र लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । तल फैलिएको कुहिरो, माथि नीलो आकाश र क्षितिजमा देखिने हिमालले यहाँको प्राकृतिक सौन्दर्यलाई विशिष्ट बनाउँछन् ।

दमौली बजारबाट नजिकै रहेको मानुङकोटमा छोटो घुमघामका लागि पुग्नेहरूदेखि रात बिताएर बिहानको दृश्य हेर्न चाहनेसम्मको आकर्षण बढेको छ । परिवारसहित आउने, साथीभाइसँग घुम्न निस्कने र प्रकृतिसँग समय बिताउन चाहनेका लागि यो सहज गन्तव्य बनेको छ । स्थानीय युवा अनिल अधिकारीका अनुसार पछिल्ला केही दिनयता दैनिक दुईदेखि तीन सयसम्म पर्यटक मानुङकोट पुग्ने गरेका छन् । बिहान सूर्योदय हेर्न आउने पर्यटकको चहलपहलले यहाँको वातावरण थप चलायमान बनेको उनले बताए ।

तर मानुङकोटको आकर्षण हरेक दिन एउटै हुँदैन । मौसम, बादल र कुहिरोको अवस्थाअनुसार दृश्य बदलिन्छ । कहिले बाक्लो कुहिरोले तलको बस्ती पूरै ढाक्छ, कहिले केही बेरमै कुहिरो पन्छिएर बजार र वरिपरिका डाँडा देखिन थाल्छन् । यही अनिश्चितताले पनि बिहानको दृश्यलाई प्रतीक्षायोग्य बनाएको छ । प्रकृतिले हरेक

बाँकी तेश्रो पेजमा

आँधीमूलका महिलाको लक्ष्य : तिहारमा १० लाखको फूल बेच्ने

'आँधीमूलका फूलमा तिहारको रौनक, १० लाखको कारोबार लक्ष्य'

भञ्ज्याङ समाचारदाता/आँबु

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ आँधीमूल यान्चोकका महिलाले यस वर्ष तिहारमा १० लाख रूपैयाँ मूल्यको सयपत्री फूल बिक्री गर्ने लक्ष्य राखेका छन् । सामूहिक रूपमा व्यावसायिक फूलखेती गर्दै आएका महिलाले गत वर्ष नौ लाख रूपैयाँ बराबरको फूल बिक्री गरेका थिए।

तिहार नजिकिएसँगै आँधीमूलका खेतबारी सयपत्री फूलले पहेँलपुर बनेका छन् । ढकमक्क फुलेका फूलले गाउँको सौन्दर्य बढाएको छ भने स्थानीय महिलालाई फूल टिप्ने, बिक्रीका लागि तयारी गर्ने र बजारमा पठाउने चटारो थपिएको छ ।

तीन वर्षअघि सुरू गरिएको



व्यावसायिक सयपत्री फूलखेती अहिले ४५ रोपनी क्षेत्रफलमा विस्तार भएको छ । यसमा ४५ जना महिला आबद्ध छन्। सामूहिक खेतीले उनीहरूलाई आम्दानीको सहयोग पुऱ्याएको छ ।

समूहकी अध्यक्ष सुन्तली गुरूङका अनुसार तिहारमा फूलको माग बढ्ने भएकाले उत्पादन र बिक्रीलाई सोहीअनुसार व्यवस्थापन गरिएको छ । टिपिएका फूल बिक्री गर्ने समयसम्म ताजा राख्न चिस्यान केन्द्रमा भण्डारण गर्ने व्यवस्था मिलाइएको उनले बताइन् ।

बजारबाट आउन थाल्यो माग

स्थानीयस्तरमा उत्पादित सयपत्री फूलको माग बढ्न थालेपछि महिलालाई बिक्रीको लक्ष्य पूरा हुने आशा जागेको छ। पहिलो चरणमा अवसर दिनुका साथै आर्थिक आत्मनिर्भरतातर्फ अघि बढ्न

बाँकी तेश्रो पेजमा

एक वर्षदेखि भासिएको राजमार्ग, यात्रुलाई सास्ती

भञ्ज्याङ समाचारदाता/दमौली

काठमाडौँबाट देशको पश्चिमी क्षेत्रतर्फ जाने र पश्चिमबाट राजधानी भित्रिने यात्रुका लागि महत्त्वपूर्ण पृथ्वी राजमार्गको तनहुँ खण्डमा सडक भासिएको एक वर्षभन्दा बढी भयो । तर, सडकको पुनर्निर्माण अझै हुन सकेको छैन। आँबुखैरेनी गाउँपालिका-४ डम्पिङस्थित सडक भासिएको ठाउँमा एकतर्फी सवारी सञ्चालन गर्नुपर्दा यात्रुले घण्टौं जाममा बस्नुपर्ने सास्ती खेपिरहेका छन्।

सवारीसाधनको चाप बढेसँगै आवागमन प्रभावित हुन थालेपछि प्रहरीले उक्त स्थानमा आलोपालो प्रणाली लागू गरेको छ । दुवैतर्फका सवारीसाधन एकैपटक सञ्चालन गर्दा समस्या हुने भएकाले पालैपालो सवारी चलाएर जाम व्यवस्थापन गर्ने प्रयास गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय तनहुँका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले सडकमा आवागमन सहज बनाउन प्रहरी परिचालन गरी आलोपालो प्रणालीमार्फत सवारी सञ्चालनको व्यवस्था मिलाइएको बताए । सडकको अवस्थाका कारण सवारी आवागमनमा समस्या देखिएकाले आवश्यक सहजीकरण गरिरहेको उनले जानकारी दिए ।

सडक भासिएको लामो समय बितिसक्दा पनि पुनर्निर्माण नहुँदा समस्या दोहोरिने गरेको छ । सडक डिभिजन कार्यालय दमौलीका प्रमुख राजीव श्रेष्ठले निर्माण कम्पनीलाई काम छिटो सम्पन्न गर्न ताकेता गरिरहेको बताए । उक्त सडकमा पाँच वर्षको वारेन्टी अवधि रहेकामा अझै छ महिना बाँकी रहेको उनले जानकारी दिए। वारेन्टी अवधिभित्रै सडक भासिएकाले पुनर्निर्माणको जिम्मेवारी निर्माण कम्पनीकै हुने उनको भनाइ छ ।

राजमार्गजस्तो व्यस्त सडकमा लामो समयदेखि समस्या कायम रहँदा यात्रु र सवारीसाधनको आवागमन प्रभावित भएको छ । प्रहरीले तत्कालका लागि जाम व्यवस्थापनमा सहजीकरण गरे पनि सडकको स्थायी समाधानका लागि पुनर्निर्माण कार्य शीघ्र अघि बढाउन आवश्यक देखिएको छ ।

सम्पादकीय .....

www.bhanjyangnews.com

सयपत्री फूलखेतीले देखाएको आत्मनिर्भरताको बाटो

तिहार पर्व नजिकिँदै गर्दा तनहुँको आँबुखैरेनी गाउँपालिका-१ आँधीमूल यान्चोकका खेतबारी सयपत्री फूलले पहँेलपुर बनेका छन् । ढकमक्क फुलेका फूलले गाउँको सौन्दर्य बढाएका छन् भने स्थानीय महिलाको व्यस्तता र उत्साह पनि बढेको छ। उनीहरूका लागि यी फूल तिहारको सजावटका सामग्री मात्र होइनन्, मेहनतको मूल्य, आम्दानीको अवसर र आत्मनिर्भर भविष्यका आधारसमेत हुन् । तीन वर्षअघि सुरू भएको व्यावसायिक सयपत्री फूलखेती अहिले ४५ रोपनी क्षेत्रफलमा विस्तार हुनु र यस वर्ष १० लाख रूपैयाँ बराबरको फूल बिक्री गर्ने लक्ष्य राखिनुले स्थानीय उत्पादनको सम्भावना उजागर गरेको छ । आँधीमूलका ४५ जना महिला सामूहिक रूपमा फूलखेतीमा आबद्ध छन् । उनीहरूले गत वर्ष नौ लाख रूपैयाँ बराबरको फूल बिक्री गरेका थिए । यस वर्ष बिक्रीको लक्ष्य अझ बढाएका छन्। बजारबाट माग आउन थालेको छ र प्रतिकिलो चार सय रूपैयाँसम्ममा फूल बिक्री हुने गरेको छ । यहाँबाट पहिलो चरणमा टिपिएको फूलमध्ये ५० किलो बिक्री भएको थियो । यी तथ्यले स्थानीयस्तरमा व्यावसायिक फूलखेतीको सम्भावना राम्रो रहेको देखाउँछन् । तर सम्भावना देखिनु र त्यसलाई दिगो व्यवसायमा रूपान्तरण गर्नु फरक विषय हुन् । त्यसका लागि उत्पादन, भण्डारण, बजार र मूल्य व्यवस्थापनमा उत्तिकै ध्यान दिनुपर्छ । नेपालमा तिहारका बेला सयपत्री फूलको माग उच्च हुन्छ । घर, मठमन्दिर, कार्यालय र सार्वजनिकस्थल सजाउन यसको व्यापक प्रयोग गरिन्छ । तर माग बढी हुने समयमा पनि बजारमा स्थानीय उत्पादनको पर्याप्त उपलब्धता नहुँदा बाहिरबाट फूल ल्याउनुपर्ने अवस्था देखिन्छ । यस्तो अवस्थामा आँधीमूलका महिलाले गरेको व्यावसायिक खेती स्थानीय आवश्यकता पूरा गर्ने र आयातित फूलमाथिको निर्भरता घटाउने एउटा सकारात्मक प्रयास हो । स्थानीय उत्पादनले बजार पाउनु भनेको किसानले आम्दानी पाउनु मात्र होइन, गाउँको श्रम र स्रोतको सदुपयोग हुनु पनि हो । यस प्रयासको अर्को महत्वपूर्ण पक्ष महिलाको आर्थिक सहभागिता हो । घरायसी काम र पारिवारिक जिम्मेवारीमा सीमित हुनुपर्ने अवस्थाबाट बाहिर निस्केर महिलाले सामूहिक रूपमा उत्पादन र बिक्रीको काम अघि बढाउनु आफैंमा प्रेरणादायी छ । खेतीबाट हुने आम्दानीले उनीहरूको व्यक्तिगत आत्मविश्वास बढाउनुका साथै परिवारको आर्थिक अवस्थामा योगदान पुऱ्याउन सक्छ । महिलाले आफ्नै श्रमबाट कमाएको आम्दानी खर्च गर्न, बचत गर्न र भविष्यको योजना बनाउन सक्ने अवस्था सिर्जना हुनु आर्थिक सशक्तीकरणको महत्वपूर्ण आधार हो ।

सामूहिक खेतीको विशेषता व्यक्तिगत लगानी र श्रमको सीमालाई सामूहिक प्रयासबाट पार गर्न सक्नु हो । एक्लै खेती गर्दा बीउ, मल, सिँचाइ, श्रम र बजार व्यवस्थापनमा समस्या आउन सक्छ। तर समूहमा काम गर्दा अनुभव साटासाट गर्न, लागत घटाउन र ठूलो परिमाणमा उत्पादन बिक्री गर्न सहज हुन्छ । आँधीमूलका महिलाले यही सम्भावनालाई व्यवहारमा उतारिरहेका छन् । उनीहरूको प्रयासलाई निरन्तरता दिन समूहभित्र पारदर्शी हिसाबकिताब, आम्दानीको न्यायोचित बाँडफाँट र उत्पादनको गुणस्तरमा समान ध्यान दिनु आवश्यक छ । यद्यपि फूलखेतीलाई दिगो बनाउन तिहारको मौसमी मागमा मात्र भर पर्नु हुँदैन । चाडपर्वपछि फूलको माग घट्न सक्ने भएकाले अन्य अवसर र बजारको खोजी गर्नुपर्छ । विवाह, पूजाआजा, धार्मिक कार्यक्रम, होटल तथा विभिन्न समारोहमा हुने फूलको मागलाई लक्षित गर्न सकिन्छ । त्यसका लागि दमौलीलगायत नजिकका बजारका व्यापारी, फूल सजावट व्यवसायी, होटल तथा संस्थासँग नियमित समन्वय आवश्यक छ। उत्पादन र मागको अनुमान गरेर खेती विस्तार गर्न सके बिक्री नभएर फूल खेर जाने जोखिम पनि घटाउन सकिन्छ ।

फूलको गुणस्तर कायम राख्न टिप्ने समय, प्याकेजिङ, ढुवानी र भण्डारणमा विशेष ध्यान दिनुपर्छ । आँधीमूलका महिलाले टिपिएका फूल ताजा राख्न चिस्यान केन्द्रमा भण्डारण गर्ने व्यवस्था मिलाउनु सकारात्मक कदम हो । तर यस्तो सुविधा सबै उत्पादकको पहुँचमा हुनुपर्छ । स्थानीय सरकार र कृषि शाखाले आवश्यक प्राविधिक ज्ञान, रोगकीरा नियन्त्रण, उत्पादन लागतको लेखाजोखा र बजारसम्बन्धी सूचना उपलब्ध गराउन सके व्यवसाय थप व्यवस्थित बन्न सक्छ । उत्पादन बढाउने नाममा बजारको क्षमताभन्दा बढी खेती विस्तार गर्नुको सट्टा माग र सम्भावित बिक्रीका आधारमा योजना बनाउनु बुद्धिमानी हुन्छ । आँबुखैरेनी गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले स्थानीय महिलाले उत्पादन गरेको फूलको बजारमा माग आउन थालेको बताएका छन् । यो अवसरलाई स्थायी बजार सम्बन्धमा बदल्ने जिम्मेवारी उत्पादक समूह र स्थानीय सरकार दुवैको हो । किसानलाई उत्पादन गर्न प्रोत्साहन गर्ने मात्र होइन, उनीहरूको उत्पादन उचित मूल्यमा बिक्री हुने वातावरण बनाउनु पनि स्थानीय सरकारको दायित्व हो। आवश्यकताअनुसार बजार सम्पर्क, ढुवानी सहजीकरण, भण्डारण सुविधा र कृषि उद्यमसम्बन्धी तालिममा सहयोग गर्न सकिन्छ ।

आँधीमूलको सयपत्री खेतीले एउटा स्पष्ट सन्देश दिएको छ- स्थानीय स्रोत, श्रम र सीपलाई सही ढङ्गले परिचालन गर्न सके गाउँमै रोजगारी र आम्दानीका अवसर सिर्जना गर्न सकिन्छ । यसको सफलता १० लाख रूपैयाँको बिक्री लक्ष्य पूरा हुनुमा मात्र सीमित हुनु हुँदैन । महिलाको आम्दानी बढ्नु, व्यवसाय निरन्तर चल्नु, बजार विस्तार हुनु र नयाँ पुस्ताले पनि कृषि उद्यमलाई सम्भावनायुक्त पेसाका रूपमा हेर्न सक्नु वास्तविक उपलब्धि हुनेछ । त्यसैले आँधीमूलका महिलाको प्रयासलाई तिहारको चहलपहलसँगै चर्चा गरेर बिर्सनु हुँदैन । यसलाई स्थानीय कृषि उद्यमको नमुना बनाउने गरी निरन्तर सहयोग, बजारको सुनिश्चितता र उत्पादनको गुणस्तरमा ध्यान दिनुपर्छ। महिलाको मेहनतले फुलाएको सयपत्रीले गाउँलाई पहँेलपुर बनाएको छ; अब यही मेहनतले उनीहरूको आर्थिक जीवन पनि समृद्ध बनाउने वातावरण तयार गर्नु आवश्यक छ ।

पश्चिम एसियामा युद्ध : नेपाली श्रमिकको सुरक्षा पूर्वतयारी खोइ ?

पश्चिम एसियामा बढ्दो युद्धको जोखिमले त्यहाँ कार्यरत लाखौं नेपाली श्रमिक र तिनका परिवारलाई चिन्तित बनाएको छ । रोजगारी, परिवारको भविष्य र आर्थिक सुरक्षाको सपना बोकेर परदेशिएका नेपालीहरू अहिले फेरि अनिश्चितताको चपेटामा पर्ने जोखिम बढेको छ। हिजो कोभिड-१९ महामारीले रोजगारी खोस्दा लाखौं श्रमिक प्रभावित भएका थिए । आज युद्धको सम्भावनाले रोजगारी गुम्ने जोखिम मात्र बढाएको छैन, कतिपय क्षेत्रमा मानवीय क्षति र ज्यानकै असुरक्षाको प्रश्नसमेत गम्भीर बनेको छ ।

साउदी अरबमा यमनका हुथी विद्रोहीले गरेका पछिल्ला आक्रमणले यो जोखिमलाई अझ सघन बनाएको छ । रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरी भएका आक्रमणमा मानिसहरूको ज्यान गएको, सयौं घाइते भएको र हवाई सेवा प्रभावित भएको विवरण सार्वजनिक भएका छन् । साउदी अरबका विभिन्न यात्रु प्रभावित हुन सक्छन् । द्वन्द्व विस्तार भएमा विदेशी नागरिकको सुरक्षित आवागमन र उद्धार झन् कठिन बन्न सक्छ ।

साउदी अरब, कतार, संयुक्त अरब इमिरेट्स (युएई), कुवेत, बहराइन र ओमानलगायतका देशमा नेपाली श्रमिक विभिन्न क्षेत्रमा कार्यरत छन् । सबै देशको सुरक्षा अवस्था एउटै छैन र सबै ठाउँमा समान जोखिम छ भन्नु पनि उचित हुँदैन। तर एउटा देशमा भएको आक्रमणले क्षेत्रीय तनाव बढाउन सक्छ भन्ने सम्भावनालाई बेवास्ता गर्न मिल्दैन। हिजो कतारमा जोखिम थियो, आज साउदीमा देखिएको छ, भोलि युएईमा हुन सक्छ अथवा पूरै पश्चिम एसिया युद्धमा होमिने जोखिम छ ।

विशेषगरी निर्माण क्षेत्र, औद्योगिक प्रतिष्ठान, विमानस्थल, ऊर्जा पूर्वाधार र अन्य संवेदनशील क्षेत्रमा कार्यरत श्रमिकको सुरक्षा अवस्थाबारे सम्बन्धित नेपाली नियोगले नियमित मूल्याङ्कन गर्नुपर्छ । जोखिमको स्तरअनुसार नागरिकलाई सतर्क आर्थिक तथा मानसिक पीडा भोग्नुपरेको थियो। कतिपयले रोजगारी गुमाए, कतिपयले महिनौंसम्म तलब पाएनन् र कतिपयलाई स्वदेश फर्कनसमेत कठिनाइ भयो । त्यसबेलाको अनुभवबाट राज्यले पर्याप्त पाठ सिकेको छ कि छैन भन्ने प्रश्न अहिले पुनः सान्दर्भिक बनेको छ ।

युद्धको संकट महामारीभन्दा फरक हुन्छ । महामारीले स्वास्थ्य र आर्थिक प्रणालीमा दबाब सिर्जना गर्छ भने युद्धले प्रत्यक्ष रूपमा नागरिकको ज्यान, आवास, आवागमन, रोजगारी र आधारभूत सेवामा जोखिम निम्त्याउन सक्छ । द्वन्द्व फैलिँदै जाँदा विमानस्थल बन्द हुन सक्छन्, हवाई मार्ग परिवर्तन हुन सक्छन् र उद्धारका अवसरसमेत सीमित हुन सक्छन्।

साउदी अरबमा विमानस्थललाई लक्षित गरी भएका आक्रमणले हवाई सेवा प्रभावित हुन सक्ने जोखिमलाई व्यवहारमै देखाएका छन् । त्यसैले नेपाली नागरिकलाई स्वदेश फर्काउने योजना



क्षेत्रमा क्षेप्यास्त्र तथा ड्रोन आक्रमणको जोखिमसमेत देखिएको छ । यी घटनाले मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकका लागि सुरक्षा चिन्ता थप गहिरो बनाएका छन् ।

युद्धको असर कुनै एउटा देशको सीमाभित्र मात्रै सीमित रहँदैन । एउटा देशमा भएको आक्रमणले अर्को देशको सुरक्षा व्यवस्था, हवाई उडान, व्यापार, इन्धन आपूर्ति र श्रम बजारसम्म प्रभाव पार्न सक्छ। मध्यपूर्वका विभिन्न देशमा लाखौं नेपाली कार्यरत रहेकाले त्यहाँको सुरक्षा संकट नेपालको अर्थतन्त्र र सामाजिक जीवनसँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ।

यस्तो अवस्थामा नेपाल सरकारको भूमिका केवल परिस्थिति बिग्रिएपछि उद्धार गर्नेमा सीमित हुनु हुँदैन। सम्भावित संकटको पूर्वानुमान, कूटनीतिक पहल, नागरिकको सुरक्षाका लागि ठोस योजना र स्वदेशमै रोजगारी सिर्जना गर्ने दीर्घकालीन रणनीति अहिलेको आवश्यकता हो ।

साउदी अरबमा भएका पछिल्ला हुथी आक्रमणले पश्चिम एसियाको सुरक्षा अवस्था कति छिटो बदलिन सक्छ भन्ने देखाएका छन् । विमानस्थलजस्तो महत्त्वपूर्ण नागरिक पूर्वाधारलाई लक्षित गरिँदा हवाई आवागमन अवरूद्ध हुन सक्छ, उडान रद्द हुन सक्छन् र हजारौं यात्रु अलपत्र पर्न सक्छन् । यस्तो परिस्थितिले विमानस्थलमा भीड बढाउँछ, जुन आफैंमा जोखिमपूर्ण हुन्छ । त्यसैले उद्धार प्रक्रिया सुरू गर्नुअघि नै सुरक्षित स्थानको पहिचान, आवागमनको वैकल्पिक मार्ग र आपत्कालीन समन्वय संयन्त्र तयार हुनुपर्छ ।

नेपाल सरकारले हुथी आक्रमण वा अन्य कुनै घटनालाई केवल अन्तर्राष्ट्रिय समाचारका रूपमा हेरेर बस्न मिल्दैन । त्यसले नेपाली नागरिकको जीवन, रोजगारी र आवागमनमा पार्न सक्ने प्रभावको मूल्याङ्कन गर्नुपर्छ । संकटले ठुलो रूप लिएपछि मात्रै उद्धारको निर्णय गर्नु भनेको जोखिमलाई समयमै सम्बोधन गर्न नसक्नु हो ।

संकट आउनुअघि नै राज्य जाग्नुपर्छ नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीको योगदान महत्त्वपूर्ण छ। लाखौं नेपालीले मध्यपूर्वका विभिन्न देशमा श्रम गरेर पठाएको विप्रेषणबाट परिवारको जीविका चलेको छ, बालबालिकाको शिक्षा अघि बढेको छ र देशको विदेशी मुद्रा सञ्चितिमा समेत योगदान पुगेको छ। तर यही अर्थतन्त्रको आधार बनेका श्रमिकहरू संकटमा पर्दा उनीहरूको सुरक्षा कति सुनिश्चित छ भन्ने प्रश्न बारम्बार उठ्ने गरेको छ ।

कोभिड-१९ महामारीका बेला अन्तर्राष्ट्रिय उडान बन्द हुँदा, उद्योग तथा व्यवसाय ठप्प हुँदा र श्रम बजार संकुचित हुँदा नेपाली श्रमिकले ठुलो परिस्थिति नियन्त्रणबाहिर पुगेपछि मात्र बनाउनु विवेकपूर्ण हुँदैन ।

उद्धारभन्दा पहिले पूर्वतयारी

सरकारले पश्चिम एसियाका सबै देशमा एउटै अवस्था रहेको ठान्नु हुँदैन। प्रत्येक देशको सुरक्षा अवस्था, युद्धको सम्भावना, नेपाली श्रमिकको संख्या र उनीहरू कार्यरत क्षेत्रको जोखिम फरक-फरक हुन सक्छन् । त्यसैले नेपालका सम्बन्धित निकायले देशगत र क्षेत्रगत जोखिम मूल्याङ्कन गरी चरणबद्ध कार्ययोजना बनाउनुपर्छ ।

पहिलो चरणमा सम्बन्धित नेपाली दूतावासमार्फत नेपाली नागरिकको अद्यावधिक विवरण संकलन गरिनुपर्छ । विशेषगरी जोखिमयुक्त क्षेत्रमा कार्यरत श्रमिक, परिवारसहित बसोबास गरिरहेका नेपाली, बिरामी, महिला, बालबालिका र अन्य संवेदनशील अवस्थाका नागरिकको विवरण व्यवस्थित गर्न आवश्यक छ । नागरिकको विवरण संकलन गर्दा व्यक्तिगत गोपनीयता र सुरक्षालाई पनि उत्तिकै महत्त्व दिनुपर्छ ।

दोस्रो चरणमा सम्भावित उद्धारका लागि आवश्यक हवाई सेवा, वैकल्पिक मार्ग, ट्रान्जिट व्यवस्था, उद्धार खर्च र

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
नयाँ कामको सुरूआतका हुनेछ। पारिवारिक सहयोग मिल्नेछ। व्यापार-व्यवसायमा सामान्य लाभ हुनेछ।

वृष
प्रेम सम्बन्धमा समझदारी बढ्नेछ। स्वास्थ्यमा भने खानपानमा ध्यान दिनु उचित हुनेछ।

मिथुन
आर्थिक पक्ष मजबुत बन्ने संकेत देखिन्छ। वैदेशिक क्षेत्रबाट शुभ समाचार प्राप्त हुन सक्छ।

कर्कट
कार्यक्षेत्रमा प्रतिस्पर्धा बढ्न सक्छ। खर्च बढ्ने भएकाले बजेट व्यवस्थापनमा ध्यान दिनुहोस्।

सिंह
मन प्रसन्न रहने दिन छ। पारिवारिक वातावरण सुखद रहनेछ। सामाजिक प्रतिष्ठा बढ्ने सम्भावना छ।

कन्या
व्यवसायमा लाभको संकेत छ। आफन्तसँगको सम्बन्ध प्रगाढ बन्नेछ। कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ।

तुला
भाग्यले साथ दिनेछ। धार्मिक तथा सामाजिक कार्यमा सहभागी हुने अवसर मिल्नेछ।

वृश्चिक
काममा ढिलासुस्ती हुनेछ। विवादबाट टाढा रहनु राम्रो हुनेछ। आफन्तको सहयोगले कठिन काम सहज बन्नेछ।

धनु
आर्थिक उन्नतिको सम्भावना छ। व्यापारमा नयाँ अवसर प्राप्त हुनेछ। दाम्पत्य जीवन सुखद रहनेछ।

मकर
आत्मविश्वास बढ्ने दिन छ। कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुनेछ। पुराना साथीभाइसँग भेटघाट हुन सक्छ।

कुम्भ
नयाँ जिम्मेवारी आउन सक्छ। व्यापार-व्यवसायमा सुधार आउनेछ। पारिवारिक सुख प्राप्त हुनेछ।

मीन
सोचेजस्तो परिणाम प्राप्त गर्न केही मेहनत गर्नुपर्नेछ। आर्थिक पक्ष सामान्य रहनेछ। वैदेशिक काममा प्रगति हुनेछ।

पश्चिम एसियामा युद्ध : नेपाली .....

नेपाल फर्किएपछि उपलब्ध गराउनुपर्ने सहयोगबारे पूर्वतयारी गर्नुपर्छ । नेपाली नागरिकलाई आवश्यक परेमा कहाँ सम्पर्क गर्ने, कुन माध्यमबाट सूचना प्राप्त गर्ने र आपत्कालीन अवस्थामा कसरी सुरक्षित स्थानमा पुग्ने भन्ने विषयमा स्पष्ट निर्देशन जारी गर्नुपर्छ ।

तेस्रो चरणमा युद्धको जोखिम उच्च भएका क्षेत्रका नागरिकलाई स्वेच्छिक रूपमा सुरक्षित स्थानमा सर्न वा स्वदेश फर्कन आवश्यक परे सहज वातावरण बनाइनुपर्छ। जोखिमको गम्भीरता हेरेर सरकारले समयमै निर्णय गर्न सक्नुपर्छ । नागरिकको सुरक्षा सुनिश्चित गर्नु राज्यको दायित्व हो; उद्धारको तयारी गर्नु कुनै राजनीतिक दलको लोकप्रियता बढाउने कार्यक्रम होइन, यो मानवीय जिम्मेवारी हो ।

सरकारले आवश्यकताअनुसार दूतावासमा आपत्कालीन सम्पर्क प्रणाली प्रभावकारी बनाउने, श्रमिकका गुनासा तत्काल सम्बोधन गर्ने र सम्भावित उद्धारका लागि आर्थिक स्रोत सुनिश्चित गर्ने काम पनि अघि बढाउनुपर्छ । संकटको समयमा नागरिकले सम्पर्क गर्न खोज्दा फोन नउठ्ने, सूचना नपाइने वा उद्धारको प्रक्रिया अस्पष्ट हुने अवस्था दोहोरिन दिनु हुँदैन ।

कूटनीतिक पहलमा ढिलाइ किन?

पश्चिम एसियामा विकसित हुने सुरक्षा परिस्थितिमा क्षेत्रीय शक्तिहरूका साथै अमेरिका लगायतका विश्व शक्तिको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । त्यसैले नेपालले सम्बन्धित देशहरूसँग कूटनीतिक संवाद बढाउनुपर्छ । नेपाली श्रमिकको सुरक्षा, सम्भावित द्वन्द्वको प्रभाव न्यूनीकरण र संकटका बेला नागरिकको सुरक्षित आवागमन सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्छ ।

अमेरिकी निर्वाचन र त्यसपछिको नीतिगत परिवर्तनले मध्यपूर्वको कूटनीतिक तथा सुरक्षा वातावरणमा कस्तो प्रभाव पार्न सक्छ भन्ने विषयमा नेपालले सतर्कतापूर्वक विश्लेषण गर्नुपर्छ । तर कुनै नेताको अभिव्यक्ति वा निर्वाचनपछिको सम्भावित नीतिलाई युद्ध निश्चित भएको प्रमाणका रूपमा लिनु उचित हुँदैन । युद्धसम्बन्धी जोखिमको मूल्याङ्कन आधिकारिक वक्तव्य, विश्वसनीय सुरक्षा विश्लेषण र घटनाक्रमका आधारमा गर्नुपर्छ।

नेपालले अमेरिकी निर्वाचनको परिणाम वा कुनै सम्भावित राजनीतिक निर्णय पर्खेर मात्र तयारी गर्ने होइन । साउदी अरबमा भएका आक्रमण र मध्यपूर्वमा बढ्दो तनावले अहिले नै पूर्वतयारीको आवश्यकता देखाएका छन्। जोखिमको स्तर बढ्दै गएमा त्यसको असर नेपाली श्रमिकमाथि पर्न नदिन कूटनीतिक पहल पनि तत्काल सुरू हुनुपर्छ ।

नेपालले सम्बन्धित मुलुकका सरकार, नेपाली नियोग र आवश्यक अन्तर्राष्ट्रिय निकायसँग संवाद गरी नेपाली नागरिकको सुरक्षाका लागि सहयोगका संयन्त्र तयार गर्नुपर्छ। नेपाली नागरिकलाई सम्भावित सुरक्षा जोखिमबारे जानकारी दिने, आवश्यक परे सुरक्षित स्थानमा जान सहयोग गर्ने र स्वदेश फर्कनुपर्ने अवस्था आएमा सहजीकरण गर्ने विषयमा सम्बन्धित देशसँग स्पष्ट समझदारी आवश्यक छ ।

कूटनीति केवल औपचारिक भेटघाट र वक्तव्यमा सीमित हुनु हुँदैन । संकटका बेला नागरिकको उद्धारमा सहयोग, सुरक्षित आवागमन, श्रमिकको अधिकारको संरक्षण र आवश्यक मानवीय सहायताका विषयमा व्यावहारिक सहकार्य सुनिश्चित गर्न सक्नु नै प्रभावकारी कूटनीतिको उपलब्धि हो ।

वैदेशिक रोजगारीको बाध्यता कहिलेसम्म?

पश्चिम एसियामा युद्धको जोखिम बढ्दा नेपाली श्रमिक त्रसित हुनुको एउटा प्रमुख कारण रोजगारी गुम्ने डर हो। तर त्यसको अर्को पाटो अझ गम्भीर छ- रोजगारी गुमेपछि उनीहरु कहाँ जाने ? नेपाल फर्किएपछि परिवार कसरी पाल्ने? ऋणको भार कसरी तिर्ने ? बालबालिकाको शिक्षा र घरखर्च कसरी चलाउने ?

धेरै नेपाली श्रमिक वैदेशिक रोजगारीमा जानुअघि ऋण लिन्छन्। कतिपयले आफ्नो जग्गा धितो राख्छन्, कतिपयले घरपरिवारको बचत खर्च गर्छन् र कतिपयले चर्को ब्याजमा रकम जुटाउँछन् । विदेश पुगेपछि कमाएको रकमको ठुलो हिस्सा ऋण तिर्न र परिवारको आधारभूत आवश्यकता पूरा गर्न खर्च हुन्छ। यस्तो अवस्थामा रोजगारी गुम्नु आर्थिक संकट मात्र होइन, वर्षौंको मेहनत र भविष्यको योजनामाथिको गम्भीर आघात पनि हो ।

युद्धको जोखिमले श्रमिकलाई दोहोरो मारमा पार्न सक्छ। एकातिर सुरक्षा र ज्यानको चिन्ता, अर्कोतिर रोजगारी र आम्दानी गुम्ने डर । स्वदेश फर्कन चाहे पनि ऋण, पारिवारिक दायित्व र भविष्यको अनिश्चितताले धेरैलाई निर्णय गर्न कठिन बनाउँछ । यही बाध्यतालाई बुझेर सरकारले श्रमिकका लागि सुरक्षित र सम्मानजनक विकल्प तयार गर्नुपर्छ ।

सरकारको जिम्मेवारी नागरिकलाई विदेशबाट फर्काउने तयारीमा मात्र सीमित रहन सक्दैन। स्वदेशमै सम्मानजनक रोजगारी सिर्जना गर्ने नीति पनि समानान्तर रूपमा अघि बढाउनुपर्छ । कृषि, पर्यटन, उद्योग, निर्माण, सूचना प्रविधि र साना तथा मझौला उद्यममा रोजगारी विस्तार गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्छ । फर्किएका श्रमिकको सीप पहिचान गरी त्यसको उपयोग गर्ने, सहुलियतपूर्ण ऋण उपलब्ध गराउने र उद्यम सञ्चालनका लागि आवश्यक प्राविधिक तथा बजार सहयोग दिने व्यवस्था हुनुपर्छ ।

वैदेशिक रोजगारीलाई पूर्ण रूपमा निरूत्साहित गर्नु व्यावहारिक समाधान होइन। तर आर्थिक बाध्यताका कारण नागरिकले जोखिमपूर्ण परिस्थितिमा पनि विदेशमै बसिरहनुपर्ने अवस्था अन्त्य गर्नु राज्यको दीर्घकालीन लक्ष्य हुनुपर्छ । विप्रेषण लिने राज्यले श्रमिकको जिम्मेवारी पनि लिनुपर्छ। नेपाली श्रमिकले विदेशमा पसिना बगाएर पठाएको विप्रेषणबाट देशको अर्थतन्त्र चलायमान हुन्छ । तर संकटको समयमा उनीहरुको सुरक्षाको प्रश्न उठ्दा सरकारको तयारी कमजोर देखिनु हुँदैन । श्रमिकको योगदानलाई आर्थिक तथ्याङ्कमा मात्र सीमित गरेर हेर्न मिल्दैन । उनीहरु नागरिक हुन्, उनीहरुको जीवन र सम्मानको संरक्षण राज्यको आधारभूत दायित्व हो ।

सरकारले श्रमिकका परिवारलाई पनि सम्भावित संकटबारे समयमै जानकारी दिनुपर्छ। गलत सूचना र अपुष्ट समाचारले त्रास फैलाउन सक्छन्। त्यसैले परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय र सम्बन्धित नेपाली दूतावासबीच समन्वय गरेर नियमित सूचना प्रणाली सञ्चालन गर्नुपर्छ। आपत्कालीन सम्पर्क नम्बर, सुरक्षित स्थान, यात्रासम्बन्धी निर्देशन र उद्धार प्रक्रियाबारे विश्वसनीय सूचना सार्वजनिक गरिनुपर्छ ।

साथै, उद्धारका नाममा हुने सम्भावित आर्थिक शोषण र ठगी नियन्त्रण गर्न पनि आवश्यक छ । संकटको समयमा श्रमिकको विवशताको फाइदा उठाउने व्यक्ति वा संस्थामाथि निगरानी बढाउनुपर्छ। सरकारले आफ्ना नागरिकलाई सही सूचना, आवश्यक सहयोग र भरपर्दो सम्पर्क माध्यम उपलब्ध गराउन सक्नुपर्छ ।

निर्णयको समय

युद्धको जोखिम कति विस्तारित हुन्छ, अहिले नै निश्चित रूपमा भन्न सकिँदैन । तर अनिश्चितता छ भन्दैमा तयारी नगर्नु झन् ठुलो जोखिम हो । सम्भावित संकटको गम्भीरता मूल्याङ्कन गरेर समयमै कदम चाल्नु नै जिम्मेवार शासनको पहिचान हो ।

साउदी अरबमा हुथी आक्रमणका घटनाले सम्भावित जोखिमलाई बेवास्ता गरेर बस्ने सुविधा नेपाललाई छैन भन्ने सन्देश दिएका छन् । आज आक्रमणको समाचार टाढाको घटनाजस्तो लाग्न सक्छ, तर भोलि त्यसले उडान अवरूद्ध पार्न सक्छ, रोजगारी संकट निम्त्याउन सक्छ वा नेपाली श्रमिकलाई तत्काल उद्धार गर्नुपर्ने परिस्थिति सिर्जना गर्न सक्छ । त्यसैले सरकारको तयारी घटनापछि प्रतिक्रिया जनाउनेभन्दा पहिले नै जोखिम न्यूनीकरण गर्ने दिशामा केन्द्रित हुनुपर्छ । सँगसँगै, रोजगारी गुमाएर फर्किनुपर्ने श्रमिकका लागि पुनःस्थापना, सीप उपयोग, रोजगारी र उद्यमशीलता सम्बन्धी कार्यक्रम तयार गरिनुपर्छ। विदेशमा कमाएको सीप र अनुभवलाई देशको उत्पादनशील क्षेत्रमा उपयोग गर्ने अवसर सिर्जना गर्नुपर्छ ।

कोभिडका बेला देखिएका कमजोरीहरु दोहोरिन नदिनु अहिलेको प्रमुख चुनौती हो । नागरिक संकटमा परेपछि मात्र राज्य सक्रिय हुने पुरानो अभ्यास बदलिनुपर्छ । सरकारको सफलता उद्धारको संख्याले मात्र होइन, संकट आउनुअघि कति नागरिकलाई जोखिमबाट जोगाउन सक्यो र विदेशबाट फर्काएर स्वदेशमै रोजगारी दिन सक्यो भन्ने आधारमा पनि मूल्याङ्कन गरिनुपर्छ ।

मध्यपूर्वमा रहेका नेपालीहरु केवल विप्रेषण पठाउने श्रमिक होइनन्; उनीहरु परिवारका आशा, गाउँका आधार र राष्ट्रका महत्त्वपूर्ण नागरिक हुन् । उनीहरुको सुरक्षालाई आर्थिक लाभको तुलनामा गौण ठान्न मिल्दैन । युद्धको बादल मडारिँदै जाँदा नेपालले प्रतीक्षा होइन, पूर्वतयारी रोज्नुपर्छ । रातोपाटीबाट

आँधीमूलका महिलाको .....

टिपिएको फूलमध्ये ५० किलोको माग आएको थियो। दमौलीमा कोसेली घर सञ्चालन गर्दै आएकी उद्यमी कल्पना गौलीले उक्त फूल खरिद गरिसकेकी छन्।

गुरूङका अनुसार उत्पादित फूल प्रतिकिलो चार सय रूपैयाँसम्ममा बिक्री हुने गरेको छ । बजारको मागअनुसार फूल टिप्ने र बिक्री गर्ने व्यवस्था मिलाइएको उनले बताइन्। उत्पादन बढ्दै जाँदा बजार विस्तार गर्न सके महिलाको आम्दानीसमेत बढ्ने उनको विश्वास छ ।

उनले बताए ।

सामूहिक खेतीले बढायो आम्दानीको अवसर

आँधीमूलका महिलाले थालेको फूलखेती विस्तार हुँदै जानुले सामूहिक प्रयासबाट स्थानीय स्रोत र श्रमलाई आम्दानीसँग जोड्न सकिने देखाएको छ । खेतीमा महिलाको सहभागिता बढ्नुका साथै गाउँमै बसेर उत्पादनमूलक काम गर्ने अवसर पनि सिर्जना भएको छ ।

तिहारमा घर, मठमन्दिर र सार्वजनिकस्थल सजाउन सयपत्री फूलको व्यापक प्रयोग हुन्छ ।



स्थानीयस्तरमै सयपत्री फूल उत्पादन हुन थालेपछि तिहारका लागि बाहिरबाट फूल ल्याउनुपर्ने निर्भरता घटाउन पनि सहयोग पुगेको छ । चाडपर्वमा फूलको माग उच्च हुने भएकाले स्थानीय उत्पादनलाई व्यवस्थित रूपमा बजारसम्म पुऱ्याउन सके किसानले राम्रो आम्दानी लिन सक्ने सम्भावना छ।

आँबुखैरेनी गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीका अनुसार व्यावसायिक फूलखेतीका लागि बजारको समस्या छैन । स्थानीय महिलाले उत्पादन गरेको फूलको माग आउन थालेकाले यसले उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न सहयोग पुऱ्याउने यही मागलाई लक्षित गरेर महिलाले फूलखेती विस्तार गरेका हुन् । उत्पादनलाई ताजा राख्ने व्यवस्था, बजारबाट आएको माग र सामूहिक व्यवस्थापनले व्यवसायलाई थप व्यवस्थित बनाउन सहयोग पुऱ्याएको छ ।

यस वर्ष १० लाख रूपैयाँको फूल बिक्री गर्ने लक्ष्य पूरा गर्न उत्पादन र बजार व्यवस्थापनमा महिलाले जोड दिएका छन् । स्थानीय उत्पादनलाई बजारसँग जोड्दै खेतीको क्षेत्रफल र माग दुवै विस्तार गर्न सके आँधीमूलको सयपत्री खेती महिला आत्मनिर्भरता र ग्रामीण अर्थतन्त्रको बलियो आधार बन्न सक्ने देखिएको छ ।

शिक्षक आवश्यकता

शुक्लागण्डकी नगरपालिकाको कार्यालय तनहुँको च.नं. ५४० मिति २०८३/०७/०९ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा आधारभूत तह (कक्ष ६-८) तृतीय श्रेणीको शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत एक जना **विज्ञान** विषय शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आह्वान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिल

१) **पद** : आधारभूत तह (कक्षा ६-८, करार)
२) **विषय** : विज्ञान **३) आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता**: सम्बन्धित विषयमा कक्षा १२ वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : ७००/- (सात सय रूपैयाँ)
६) **तलब** : अनुदान कार्यविधिमा उल्लेख भए अनुसार ।
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, तालिम वा अनुभव र निवेदन, निरोगिताको प्रमाणपत्र।
९) **परीक्षाको किसिम** : लखित, मौखिक र आवश्यक भएमा प्रयोगात्मक
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०७/२४ गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०७/२७ गते विद्यालयमा समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक
श्री श्रमिक आधारभूत विद्यालय
शुक्लागण्डकी न.पा.-२, नर्सरी, तनहुँ । सम्पर्क : ९८४६४५५०१६

भञ्ज्याङ दैनिक पत्रिका नआएमा

फोन : ०६५-५६३९०७, ९८५६०६०३७६ मा सम्पर्क गर्नुहोला ।

Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मिर्लुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली । फोन: ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



ऐतिहासिक मैबलकोटमा सूर्योदयको मनमोहक दृश्य

तनहुँको भानु नगरपालिका-५ स्थित मैबलकोटबाट देखिएको सूर्योदयको दृष्य । बाइसे-चौबिसे राज्यकालमा सेनवंशीय राजाको दरबार रहेको ऐतिहासिक मैबलकोटबाट मनोरम कुहिरो, सूर्योदय र हिमश्रृंखलाको दृश्यावलोकन गर्न सकिन्छ । यहाँस्थित मैबलकोट कालिका मन्दिर र भगेरथान धार्मिक आस्थाका केन्द्रसमेत हुन् । पृथ्वी राजमार्गको छिर्कनेबाट करिब ४.५ किलोमिटर ग्राभेल सडक हुँदै पुग्न सकिने यस क्षेत्रको पर्यटन प्रवर्द्धन र प्रचारप्रसारमा स्थानीयवासी जुटेका छन् ।

तस्विर : भञ्ज्याङ

कुहिरोको घुम्टोभित्र .....

दिन फरक दृश्य देखाउन सक्ने भएकाले यहाँ पुग्ने पर्यटकका लागि मानुङकोट केवल तस्बिर खिच्ने ठाउँभन्दा बढी अनुभव गर्ने गन्तव्य बन्दै गएको छ ।

पर्यटकसँगै गाउँमा फर्किँदै आर्थिक गतिविधि

पर्यटकको बढ्दो आवागमनको प्रभाव मानुङकोटको स्थानीय अर्थतन्त्रमा पनि देखिन थालेको छ । कुनै समय खानेपानी र आवश्यक पूर्वाधारको अभाव झेलेको यस गाउँमा अहिले होटल तथा अन्य व्यवसाय सञ्चालनमा छन् । एक दर्जनभन्दा बढी होटल सञ्चालनमा रहनुले पर्यटनप्रतिको स्थानीय आकर्षण र सम्भावनालाई देखाउँछ । स्थानीय व्यवसायी शैलेश सुनामकका अनुसार पर्यटकको उपस्थिति बढेसँगै व्यवसायमा चहलपहल थपिएको छ । पर्यटकको आवागमनले होटलमा बस्ने पाहुना र खानपानसम्बन्धी सेवाको माग बढाउन सहयोग पुऱ्याएको छ ।

पर्यटनबाट हुने लाभ होटल व्यवसायीमा मात्र सीमित रहनुपर्दैन। स्थानीय कृषि उपज, दूध, तरकारी तथा अन्य उत्पादनको बिक्री बढाउन सके किसानले पनि लाभ लिन सक्छन् । सवारीसाधन सञ्चालन, स्थानीय परिकारको बिक्री र पर्यटकलाई आवश्यक सेवा उपलब्ध गराउने कामले थप रोजगारी सिर्जना गर्न सक्छ ।

यसरी हेर्दा मानुङकोटको पर्यटनले गाउँको अर्थतन्त्र चलायमान बनाउने सम्भावना बोकेको छ । तर पर्यटकको संख्या बढ्नु र स्थानीयको आम्दानी बढ्नु एउटै कुरा होइन । पर्यटकबाट हुने खर्च स्थानीय उत्पादन र सेवासँग जोड्न सके मात्र पर्यटनको वास्तविक लाभ गाउँका धेरै घरपरिवारसम्म पुग्न सक्छ ।

कुहिरोसँग जोडिएको पौराणिक कथा

मानुङकोटबाट देखिने कुहिरोले प्राकृतिक सौन्दर्यसँगै धार्मिक तथा सांस्कृतिक विश्वासको सम्झना पनि गराउँछ । दमौली र आसपासको क्षेत्रलाई कुहिरोले ढाक्ने दृश्यसँग महर्षि वेदव्यासका पिता पराशर ऋषि र सत्यवतीसम्बन्धी पौराणिक किंवदन्ती जोडिएको छ ।

किंवदन्तीअनुसार पराशर ऋषिले सत्यवतीसँग एकान्तमा बस्न चाहँदा अरूले थाहा नपाऊन् भनेर कुहिरो उत्पन्न गराएका थिए । यही कथाका कारण यहाँ देखिने कुहिरोलाई स्थानीय धार्मिक विश्वाससँग जोडेर व्याख्या गर्ने गरिन्छ ।

प्राकृतिक दृश्यसँग जोडिएको यो कथा मानुङकोटको छुट्टै पहिचान हो । पर्यटन प्रवर्द्धन गर्दा स्थानीय समाजमा प्रचलित यस्ता किंवदन्ती, परम्परा र सांस्कृतिक पक्षलाई पनि पर्यटकसमक्ष प्रस्तुत गर्न सकिन्छ । यसले मानुङकोटलाई सूर्योदय हेर्ने गन्तव्यबाट प्राकृतिक र सांस्कृतिक अनुभव एकैसाथ लिन सकिने स्थलका रूपमा चिनाउन मद्दत पुऱ्याउनेछ ।

सात सय रोपनीमा पर्यटकीय ग्राम बनाउने तयारी

पर्यटकको आकर्षण बढ्दै गएपछि व्यास नगरपालिकाले मानुङकोटलाई योजनाबद्ध रूपमा विकास गर्ने तयारी गरेको छ । करिब सात सय रोपनी क्षेत्रफलमा जग्गा एकीकरण आयोजना सञ्चालन गरी यस क्षेत्रलाई व्यवस्थित पर्यटकीय ग्रामका रूपमा विकास गर्ने योजना अघि सारिएको छ ।

व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालका अनुसार मानुङकोटको दीर्घकालीन पर्यटन विकासका लागि जग्गा एकीकरण आयोजनाको तयारी भइरहेको छ । प्रारम्भिक अध्ययनबाट आयोजना कार्यान्वयनका लागि क्षेत्र उपयुक्त देखिएको उनले बताए । नगरपालिकाको आफ्नै जग्गा एकीकरण आयोजना कार्यान्वयन इकाइमार्फत कार्यक्रम सञ्चालन गर्ने गरी संस्थागत तयारी भइरहेको उनको भनाइ छ ।

'दमौली बजार नजिकै रहेको यो क्षेत्र मौलिक पहिचान र दृश्यात्मक सौन्दर्यका कारण दीर्घकालीन पर्यटन विकासका लागि अत्यन्त सम्भावनायुक्त मानिन्छ', लम्सालले भने ।

उनका अनुसार आयोजना कार्यान्वयनमा आएपछि सडक, खानेपानी, विद्युत्, पदमार्ग र पार्कलगायतका पूर्वाधार योजनाबद्ध रूपमा विकास गर्ने अपेक्षा गरिएको छ । जग्गा एकीकरणमार्फत बस्ती र पूर्वाधार व्यवस्थित बनाउने योजनाले स्थानीयलाई व्यवस्थित बसोबास र रोजगारीका अवसरसमेत प्रदान गर्न सक्नेछ ।

यसअघि अलैँचे देखि मानुङकोटसम्म करिब चार हजार तीन सय मिटर सडक कालोपत्र गरिएको छ । कठिन भूभागमा आरसिसी ढलान तथा दृश्यावलोकन स्तम्भ र रेलिङसहितको पैदलमार्ग निर्माणले आवागमनलाई सहज बनाउन सहयोग पुऱ्याएको छ । त्यस्तै, संघीय सरकारले चालु आर्थिक वर्षमा खानेपानी योजनाका लागि दुई करोड रूपैयाँ विनियोजन गरेको छ । स्थायी खानेपानी व्यवस्था हुन सके पर्यटक र स्थानीय दुवैलाई सुविधा पुग्नेछ ।

आकर्षण जोगाउने कि भीड मात्र बढाउने ?

मानुङकोटमा पर्यटक बढ्नु अवसर हो, तर बढ्दो चहलपहलसँगै व्यवस्थापनको आवश्यकता पनि उत्तिकै बढेको छ । पर्यटकको संख्या बढ्दै जाने तर खानेपानी, शौचालय, पार्किङ र फोहोर व्यवस्थापनजस्ता आधारभूत सुविधा पर्याप्त नहुने हो भने गन्तव्यको आकर्षणमै असर पर्न सक्छ ।

यहाँको सबैभन्दा ठूलो सम्पत्ति प्राकृतिक दृश्य हो । त्यसैले पूर्वाधार निर्माणका नाममा जथाभावी सडक विस्तार गर्ने, अव्यवस्थित संरचना बनाउने र प्लास्टिकजन्य फोहोर थुपार्ने प्रवृत्तिलाई समयमै नियन्त्रण गर्न आवश्यक छ । होटल तथा अन्य संरचना निर्माण गर्दा स्थानीय वास्तुकला, पहाडी जीवनशैली र बस्तीको मौलिक स्वरूप जोगाउन पनि ध्यान दिनुपर्छ ।

नगरपालिकाले पर्यटकीय ग्राम विकासको योजना अघि बढाउँदा स्थानीय बासिन्दाको सहभागिता सुनिश्चित गर्नुपर्छ । जग्गा एकीकरण, पूर्वाधार निर्माण र बस्ती व्यवस्थापनका प्रक्रियामा स्थानीयको आवश्यकता र हितलाई प्राथमिकता दिन सके विकासप्रति अपनत्व बढ्नेछ । होटल व्यवसायी र स्थानीय समुदायले पनि सरसफाइ, पर्यटकको सुरक्षा र गुणस्तरीय सेवामा साझा जिम्मेवारी लिनुपर्छ।

मानुङकोटमा अहिले देखिएको चहलपहलले पर्यटनमार्फत गाउँको भविष्य बदल्न सकिने सम्भावना देखाएको छ । तर त्यसका लागि पर्यटकको संख्या गन्नेभन्दा उनीहरूलाई कस्तो अनुभव दिन सकियो र त्यसबाट स्थानीयले कति लाभ पाए भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

बिहानको घामसँगै कुहिरो पन्छिँदा तलको दमौली बजार बिस्तारै स्पष्ट देखिएझैँ मानुङकोटको भविष्य पनि योजनाबद्ध विकाससँगै उज्यालो बन्न सक्छ । त्यसका लागि यहाँको प्राकृतिक सौन्दर्य, पौराणिक पहिचान र स्थानीय जीवनशैलीलाई जोगाउँदै पर्यटनका पूर्वाधार विस्तार गर्नुपर्छ । मानुङकोटको वास्तविक सफलता डाँडामा पर्यटकको भीड बढ्नुमा मात्र होइन, त्यही भीडले गाउँमा रोजगारी, आम्दानी र समृद्धिको नयाँ बाटो खोल्नुमा हुनेछ।

facebook twitter



Muma Ram Khanal
x.com/MumaRamKhanal

प्रधानमन्त्री भन्छन्- 'भारतले नेपालको मात्र होइन, नेपालले भारतको भूमि पनि मिचेको छ ।' अर्थमन्त्री भन्छन्- 'नेपालीले राष्ट्रवादको नाममा भारतको विरोध गर्ने दिन गए ।' केही गैरजिम्मेवार नेताले सम्पूर्ण नेपालीको प्रतिनिधित्व गर्दैनथे र गर्दैनन् । कुनै पनि मुलुकले सही गर्दा सही भन्ने हो र गलत गर्दा गलत 'आत्मनिर्भर' वा 'परनिर्भर' देशहरु मात्र हुन्छन् भन्ने अर्थमन्त्रीको दलाल दृष्टिकोण शितयुद्धसँगै समाप्त भइसकेको दृष्टिकोण हो । अबको नविन दृष्टिकोण अन्तरनिर्भरताको हो, चाहे त्यो दुइ पक्षीय होस् वा बहुपक्षीय। भारतसँग पनि यसै द्विपक्षीय हीतको आधारमा संबन्ध स्वीकार हुन्छ र अस्वीकार पनि हुन्छ ।

त्यसैले, सवाल यो होइन कि जग्गा नेपालले मिच्यो वा मिचेन अथवा राष्ट्रवादी हुनु भनेको भारतको विरोध गर्नु हो वा समर्थन गर्नु हो। सवाल यो हो कि प्रधानमन्त्री र अर्थमन्त्रीले नेपालको तर्फबाट बोल्ने हो कि भारतको तर्फबाट। अबको राष्ट्रघात यस्तै राष्ट्रविरोधी बचकानापन र दलालीको नयाँ काइते भाषाबाट मापन गरिनेछ ।

विज्ञापन कारोबार व्यवस्थित गरौं

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, झुठा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४